आज मिति २०८० साल मंसिर २१ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठंक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालखा, भोजपुर

अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. आमचोक गाउँपालिकाको एम्वुलेन्स सञ्चालन कार्यविधि २०८० स्वीकृति सम्वन्धमा

२. आमचोक गाउँपालिकाको मेलमिलाप कार्य संचालन कार्यविधि, २०८० स्वीकृति सम्वन्धमा

३. विपन्न नागरिक उपचार कोष सहयोग सम्वन्धमा

४. थप इन्सेन्टिभ सहित चिकित्सकको पुन विज्ञापन प्रकाशन सम्वन्धमा

५. करार सेवामा कर्मचारी नियुक्ती सम्वन्धमा

६. आधारभूत अस्पताल व्यवस्थापन र एक्से कोठा तथा अन्य आवश्यक कोठाहरु भएको भवन निर्माण सम्वन्धमा

७. मृगौला प्रत्यारोपन,डायलाइसिस,क्यान्सर पिडित विरामीहरुलाई मासिक ५ हजारको लागी श्रोत पहिचान सम्वन्धमा

८. घारे सामुदायिक कृषि फर्म सञ्चालनको रकम वाँडफाँड सम्वन्धमा

९. सडक मर्मत सम्वन्धमा

१०. सडक मर्मत तथा स्तर उन्नती सम्वन्धमा

११. बालमैत्री अभियानको लागि स्वायंम सेवक छनौट सम्वन्धमा

१२. वडा नं ५ मा वडा सचिवको जिम्मेवारी तोक्ने सम्वन्धमा

१३. छावा खोला सिंचाइ योजनाको म्याद थप सम्वन्धमा

१४. इ-सिफारिस सफ्ट वयरको रकम भुक्तानी सम्वन्धमा

१५. श्रमवार तोकने सम्वन्धमा

१६. वडा नं २ को वडा कार्यालय भवनको वायरिङ र सडक वत्तिको रकम भुक्तानी सम्वन्धमा

१७. वडा नं ३ को वडा कार्यालयको विद्युत महसुल र अन्य खर्च भुक्तानी सम्वन्धमा

१८. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भई विधायन समिति मार्फत पेश भएको आमचोक गाउँपालिकाको एम्वुलेन्स सञ्चालन कार्यविधि २०८० स्वीकृति गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल भई विधायन समिति मार्फत पेश भएको आमचोक गाउँपालिकाको मेलमिलाप कार्य संचालन कार्यविधि, २०८० स्वीकृति गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/8/29

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

2080/8/29 अशोक राई अध्यक्ष

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा(१) वमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिकको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम आन्तरिक राजश्वको गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००। (अक्षेरुपी एकलाख मात्र) का दरले जम्मा ४ जनालाई रु.४०००००। (अक्षरुपी चारलाख मात्र) उपलव्ध गराउने ।

**तपशिल**

| क्र.सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरीक्ता प्रमाण पत्र नं./जन्म दर्ता प्र. प. नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएको/उपचाररत रहेको अस्पताल |
|---|---|---|---|---|---|
| १ | मिश्रा कुमारी राई, ५८ बर्ष,महिला | आमचोक -४ | ना प्र प नं. ६३/१६३८ भोजपुर | क्यान्सर | बिर अस्पताल काठमाण्डौ |
| २ | राम बहादुर राई, ५२ बर्ष, पुरुष | आमचोक -७ | ना.प्र.प.नं. ०९-०१-८०-०१९५४ भोजपुर | क्यान्सर | B.P. Koirala memorial cancer hospital ,Bharathpur |
| ३ | पबित्रा राई, ३३ बर्ष, महिला | आमचोक -७ | ना.प्र.प.नं. ०९३०५३/५५ भोजपुर | क्यान्सर | T.U. T.H. Maharajgung, kathmandu |
| ४ | बिराम माया राई, ५४ बर्ष ,महिला | आमचोक-१० | ना.प्र.प.नं. १६९७/२१३/ ५५८६ भोजपुर | क्यान्सर | B.P. Koirala memorial cancer hospital ,Bharathpur |

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथि छलफल भई आधारभूत अस्पताल सञ्चालन गर्नको लागि आठौं तहको चिकित्सकको विज्ञापन आह्वान गरिएकोमा १ जनाको आवेदन प्राप्त भएपनि परिक्षामा उपस्थित नभएकोले ५० प्रतिशत थप इन्सेन्टिभ दिने गरि पुन १० दिनकौ विज्ञापन प्रकाशन गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं.५ माथि छलफल भई करार सेवामा कर्मचारी पदपूर्ति समितिको सिफारिसको आधारमा २०८० पौष १ गतेदेखि लागु हुने गरी २०८१ असार मसान्त सम्म तपशिल वमोजिम करार सेवामा कर्मचारी नियुक्ति गर्ने ।

क)स्टाफ नर्स ( पाँचौ) (आधारभूत अस्पताल तर्फ): स्वास्थ्य तर्फको शसर्त वजेटको तलव भत्ता शिर्षकवाट तलव भत्ता पाउने गरी

| सि.न. | नाम थर | ठेगाना | वुवाको नाम |
|---|---|---|---|
| १ | एलिसा राई | आमचोक-६, भोजपुर | जीवन कुमार राई |
| २ | सुष्मा राई | रामप्रसादराई-२, भोजपुर | बम बहादुर राई |

ख)ल्याब टेक्निसियन ( पाँचौ) (आधारभूत अस्पताल तर्फ) स्वास्थ्य तर्फको शसर्त वजेटको तलव भत्ता शिर्षकवाट तलव भत्ता पाउने गरी

| सि.न. | नाम थर | ठेगाना | वुवाको नाम |
|---|---|---|---|
| १ | भागवत कुमार यादव | हनुमाननगर कङकालिनी-१४, सप्तरी | नसिव लाल यादव |

ग)कार्यालय सहयोगी(आधारभूत अस्पताल तर्फ) स्वास्थ्य तर्फको शसर्त वजेटको तलव भत्ता शिर्षकवाट तलव भत्ता पाउने गरी

| सि.न. | नाम थर | ठेगाना | वुवाको नाम |
|---|---|---|---|
| १ | शान्ती कला विश्वकर्मा | आमचोक-४, भोजपुर | शेर बहादुर विश्वकर्मा |

घ)कार्यालय सहयोगी( पावला स्वास्थ्य चौकी तर्फ) स्वास्थ्य तर्फको शसर्त वजेटको तलव भत्ता शिर्षकवाट तलव भत्ता पाउने गरी

| सि.न. | नाम थर | ठेगाना | वुवाको नाम |
|---|---|---|---|
| १ | मनिषा राई | आमचोक-५, भोजपुर | भुपाल राई |

ङ)कार्यालय सहयोगी( गाउँपालिका तर्फ) नेपाल सरकार राजश्व अनुदान अन्तर्गत तलव भत्ता पाउने गरी

| सि.न. | नाम थर | ठेगाना | वुवाको नाम |
|---|---|---|---|
| १ | ममिला राई | आमचोक-३, भोजपुर | गंगा बहादुर राई |
| २ | बबिता बस्नेत | आमचोक-४, भोजपुर | गोबिन्द बहादुर बस्नेत |

प्रमुख प्रशासकीय अधिकृत २०८०/८/२१

आमचोक गाउँपालिकाको कार्यालय वालंखा, भोजपुर

०८०।८।२१ अशोक राई अध्यक्ष

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल भई कार्यपालिकाको मिति २०८० भाद्र ७ गतेको निर्णय वमोजिम आधारभूत अस्पताल सञ्चालन गर्नको लागि गाउँपालिकाको स्वामित्वमा रहेको इ-लाइब्रेरी भवनको प्रयोग गर्ने । साथै दुइवटा विशेष किसिमको एक्से कोठा आवश्यक हुने भएकोले आधारभूत अस्पताल व्यवस्थापन शिर्षकवाट सोहि स्थानमा निर्माण गर्ने निर्णय भएपनि अस्पताल व्यवस्थापन शिर्षकको रकमवाट अस्पताल सञ्चालन हुने इ-लाइब्रेरी भवनको व्यवस्थापन र अस्पतालको लागि आवश्यक फर्निचर तथा सामग्रीहरु खरीद गर्ने साथै एक्से कोठा र अन्य आवश्यक कोठाहरु भएको भवन निर्माणको लागि अल्या विविधको समपुरक कोष-रकमवाट प्राविधिकको अनुमान वमोजिम खर्च हुने गरी निर्माण गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं.७ माथि छलफल भई मृगौला प्रत्यारोपन गरेका, डायलाईसिस गराई रहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामिलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि २०७८ को दफा ३ मा उल्लेख भए अनुसार हुने गरी अनुसुचि १ को ढाँचामा अस्पतालको सिफारिस ,अनुसुचि २ को ढाँचामा लाभग्राहीको निवेदनको आधारमा सोहि कार्यबिधिकको दफा ५ अनुसार अनुसुचि ३ को आधारमा शोधभर्णा माग गर्ने गरी हाललाई दफा ४ बमोजिम मासिक रु ५०००।–को दरले आर्थिक वर्ष २०८०/८१ को स्वास्थ्यतर्फ शसर्त अनुदान स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च शिर्षक अन्तर्गत बर्थिङ सेन्टरमा काम गर्ने कर्मचारीलाई रात्रि सेवा वापत खाजा खर्च शिर्षकबाट त्रैमासिक रुपमा सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फत भुक्तानि गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल भई गाउँपालिका अन्तरगत संचालित घारे सामुदायीक कृषि फर्म सञ्चालन गर्न आ.व. ०८०/०८१ को गाउँसभावाट नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत विनियोजित रु.७०००००। वजेटलाई तपशिल वमोजिम वाँडफाँड गर्ने ।

**तपशिल**

| सि.नं. | कार्यक्रमको नाम | जम्मा रु. |
|---|---|---|
| १ | ३ जना नियमित कामदार( मासिक रु.१५०००। को दरले) | ५४०००० |
| २ | मकैको पिठो | १००००० |
| ३ | ढिके नुन | १६००० |
| ४ | बाख्रा बाँध्ने डोरी खरिद | २००० |
| ५ | तरकारी खेती | ७००० |
| ६ | स्प्रिङकल खरिद | ३५०० |
| ७ | मकैको वीउ खरिद | ५०० |
| ८ | विभिन्न वालिको लागि जग्गा तयारी | १०००० |
| ९ | ३% कन्टेन्जेन्सी | २१००० |
| | जम्मा | ७००००० |

प्रमुख प्रशासकीय अधिकृत २०८०/८/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालखा, भोजपुर

२०८०/८/२९ अशोक राई अध्यक्ष

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भई आमचोक वडा नं.१० को पाङ्चा नागी चखेवा सडक (चिउरी भञ्ज्याङ खण्ड) मर्मत कार्य वडा नं.१० को वडा सचिव मार्फत अमानतमा वढीमा रु.१०००००। (अक्षेरुपी एकलाख मात्र) मर्मत सम्भार कोषवाट खर्च हुने गरी मर्मत गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल भई आमचोक २ यूँ र रामप्रसादराई गाउँपालिका जोड्ने भोजपुर -रामप्रसादराई -आमचोक सडकको मर्मत तथा स्तर उन्नतीको लागि रामप्रसादराई गाउँपालिकासंग समन्वय गरी प्राविधिक अनुमान वमोजिम वढीमा १० लाखसम्म मर्मत सम्भार कोषवाट भुक्तानी हुने गरी प्रकृया अगाडी वढाउने ।

**निर्णय नं.११**

प्रस्ताव नं.११ माथि छलफल भई आमचोक वडा नं ७ को लागि वालमैत्री अभियान सञ्चालन गर्नको लागि न्यूनतम एसइइ उत्तिर्ण १ जना पुरुष र १ जना महिलालाई वडा कार्यालय मार्फत स्वायंम सेवकको रुपमा छनौट गर्ने । उक्त २ जना स्वयंसेवकहरुलाई काममा लगाएवापत वालमैत्री कार्यक्रम आमचोक ७ को लागि विनियोजित वजेटवाट ३ महिनाको लागि मासिक १५०००/१५००० को दरले निर्वाह खर्च उपलव्ध गराउने ।

**निर्णय नं.१२**

प्रस्ताव नं.१२ माथि छलफल भई हाल वडा नं ५ पावलामा वडा सचिवको दरवन्दी रिक्त रहेकोले हाल वडा नं ७ मा कार्यरत वडा सचिव श्री प्रशान्त आचार्यलाई अर्को व्यवस्था नभएसम्मको लागि वडा नं ५ मा वडा सचिवको थप जिम्मेवारी तोक्ने ।

**निर्णय नं.१३**

प्रस्ताव नं.१३ माथि छलफल भई छावा खोला सिंचाइ योजना आमचोक ७ को म्याद २०८० असार मसान्तदेखि समाप्त भएकोले २०८१ जेष्ठ मसान्त सम्मको लागि थप गर्ने ।

**निर्णय नं.१४**

प्रस्ताव नं.१४ माथि छलफल भई आमचोक गाउँपालिकामा इ-सिफारिस सफ्ट वयर सञ्चालन गर्नको लागि सिलिकन सफ्ट एण्ड आई टी कन्सल्टेन्ट प्रा.लि लिलितपुरसंग सम्झौता भए वमोजिम उक्त कार्य सम्पन्न भएकोले सफ्टवयर खरीदको लागि रु. ३०००००। र तालिम तथा अन्य आवश्यक खर्चको लागि रु. १९७९९१ । गरी जम्मा रु.४९७९९१। मात्र मुल्य अभिवृद्ध करसहित भुक्तानी दिने ।

**निर्णय नं.१५**

प्रस्ताव नं.१५ माथि छलफल भई गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम अनुसार आमचोक गाउँपालिका क्षेत्रभित्र प्रत्येक महिनाको अन्तिम शनिवारलाई श्रमवार तोक्ने । सोहि वमोजिम वडा कार्यलय,टोल विकास संस्था वा अन्य संघसंस्थाहरु मार्फत सो दिन जनपरिचालन गरी विकास निर्माणको लागि वा अन्य सामाजिक कार्यको लागि श्रमदान गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८०/८/२९

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालंखा, भोजपुर

२०८०/८/२९
अशोक राई
अध्यक्ष

**निर्णय नं.१६**

प्रस्ताव नं.१६ माथि छलफल भई वडा नं २ को वडा कार्यालय भवनको वायरिङ र सडक वत्ति जडान वापतको विल भर्पाइ वमोजिमको जम्मा रकम रु.३९६३१।(उनन्चालिसहजार छसय एकतिस रुपैया मात्र) नेपाल सरकार राजश्व अनुदानको अन्य कार्यालय संचालन खर्च शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१७**

प्रस्ताव नं.१७ माथि छलफल भई वडा नं ३ को वडा कार्यालयको व्यावस्थापन वापतको जम्मा खर्च रकम रु.१७२००।(अक्षेरुपी सत्रहजार दुइसय मात्र) र विद्युत महसुल वापतको रु.७५००।(अक्षेरुपी सातहजार पाँचसय मात्र) वडा नं ३ को लागि विनियोजित नेपाल सरकार वित्तिय समानीकरण अनुदानको वडा कार्यालय व्यवस्थापन शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१८**

प्रस्ताव नं.१८ माथि छलफल भई आर्थिक सहायता माग भइ आए वमोजिम तपशिल अनुसार आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक १ निवासी हरी विष्टको छोरा कुसल विष्टको फोक्सोको समस्याको कारण निरन्तर उपचार गर्नु पर्ने अस्पतालको भर्ना अभिलेख र वडाको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) उपलव्ध गराउने ।

ख) आमचोक ३ निवासी श्री पविमाया राईको वर्षाको कारण घर भत्कीएको वडाको सर्जिमिन मुचुल्का र सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) उपलव्ध गराउने ।

ग) आमचोक वडा नं १० निवासी श्री गौतम राईको कृषि तथा पशुपंक्षी फर्ममा महामारी रोगवाट रु.दुइलाख वरावरको बोइलर कुखुरा मरी क्षेती भएको सिफारिस अनुसार नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) उपलव्ध गराउने ।

घ) आमचोक वडा नं १० निवासी श्री अम्वर वहादुर राईको छोरी वर्ष १३ को अनुसा राईले मिति २०८० कार्तिक १२ गते आत्मा हत्या गरेको र पोष्टमार्टम गर्नको लागि जिल्ला अस्पताल भोजपुरमा लादाँ भएको ट्र्याक्टर भाडा वापतको खर्च रकम माग भएको निवेदन र वडाको सिफारिस वमोजिम सो परिवार अति विपन्न भएकोले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.३५०००। (अक्षेरुपी पैंतिसहजार मात्र) उपलव्ध गराउने ।

ङ) आमचोक वडा नं २ निवासी श्री उर्केन शेर्पाको छोरी वर्ष १४ को निम्छेकी शेर्पाले मिति २०८० कार्तिक ०७ गते आत्मा हत्या गरेको र पोष्टमार्टम गर्नको लागि जिल्ला अस्पताल भोजपुरमा लादाँ भएको ट्र्याक्टर भाडा वापतको खर्च रकम माग भएको निवेदन र वडाको सिफारिस वमोजिम सो परिवार अति विपन्न भएकोले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी वीसहजार मात्र) उपलव्ध गराउने ।

च) आमचोक वडा नं ९ निवासी श्री रुपा श्रेष्ठको श्रीमान गोविन्द श्रेष्ठले मिति २०८० कार्तिक ०५ गते आत्मा हत्या गरेको र पोष्टमार्टम गर्नको लागि विपि मेमोरियल अस्पताल धरान लादाँ भाडा वापतको जम्मा खर्च रकम रु.३००००। माग भएको निवेदन र वडाको सिफारिस वमोजिम सो परिवार अति विपन्न भएकोले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.३००००। (अक्षेरुपी तिसहजार मात्र) उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/8/29

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

अशोक राई अध्यक्ष 2080/8/29